लोक सेवा आयोग

# दिपायल कार्यालय

## परीक्षा शाखा

राजपुर, डोटी


**रा.प.अनं. द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरह पदको द्वितीय चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना।**

**सूचना नं. १५२/०८३-८४, मिति : २०८३।०४।१६ गते**

यस कार्यालयको विज्ञापन नं. **१५७०६-१५७१०/०८२-८३ (खुला तथा समावेशी), संयुक्त र एकिकृत, रा.प.अनं. द्वितीय श्रेणी, (अप्राविधिक) खरिदार वा सो सरह** पदको लागि दिपायल परीक्षा केन्द्र राखी प्रथम चरणको परीक्षाबाट उत्तिर्ण भएका उम्मेदवारहरुको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा सुरु हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्ने छ।

**परीक्षा कार्यक्रम:**

| क्र.सं. | पत्र | बिषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय |
|---|---|---|---|---|
| १. | द्वितीय | कार्यालय व्यवस्थापन (Office Management) | बिषयगत (Subjective) | २०८३/०५/०६ गते दिनको २:०० बजे (२ घण्टा ३० मिनेट) |
| २. | तृतीय | कार्य ज्ञान सम्बन्धी (Job Knowledge Related) | | २०८३/०५/०७ गते दिनको २:०० बजे (२ घण्टा ३० मिनेट) |

**परीक्षा केन्द्र:**

| सि.नं. | रोल नं. | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १. | ७७०००८ | ७७०५८७ | १५० | श्री शहिद स्मृती आ. मा.वि., राजपुर, डोटी। |
| २. | ७७०५९१ | ७७१३०७ | १३० | श्री लोक सेवा आयोग, दिपायल कार्यालय, राजपुर, डोटी। |

**द्रष्टव्य १:**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

ख) प्रवेशपत्र विना परीक्षामा सम्मिलित नगराईने हुँदा अनिवार्यरुपमा प्रवेशपत्र साथमा लिई परीक्षा संचालन हुनु भन्दा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ। परीक्षा भवनबाट प्रवेशपत्र वितरण गरिने छैन।

ग) परीक्षा भवनमा झोला, मोवाइल, क्याल्कुलेटर, स्मार्ट वाच तथा अन्य विद्युतिय सामाग्रीहरु लैजान निषेध गरिएको छ।

घ) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ।

ङ) **परीक्षार्थीले परीक्षा दिन आउँदा आयोगबाट जारी भएको प्रवेश-पत्र सँगै नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र अनिवार्य रुपमा लिई उपस्थित हुनु पर्नेछ।**

............................
गणेश बहादुर कठायत
कम्प्युटर अपरेटर

........................
राजन राई
सहसचिव